**निर्णयहरू :**

१. प्रस्ताव नं. १ उपर छलफल गर्दा पेश्कि बेरूजु तथा योजना फरफारक समितिको मिति २०७६।०२।०३ को निर्णयानुसार कार्य सम्पन्न भएका निम्न अनुसारका योजनाको फरफारकका लागि पेश हुन आएका योजनाहरूको फरफारक गरि बाँकी रकम सम्बन्धित उपभोक्ता समितिलाई भुक्तानी दिने निर्णय गरियो ।

| क्र.सं. | योजनाको नाम | वडा नं. | विनियोजित रकम | कैफियत |
|---|---|---|---|---|
| १ | पुछारी सिमलचौर आशापुरी मोटरबाटो स्तरोन्नती | ३ | २०,००,०००।- | |
| २ | घिमिरे पुल वडारे मोटरबाटो | ३ | ४००,०००।- | |
| ३ | फोहरमैला सिकाई केन्द्र र आर.वि.टि.वि. सुधार कार्य | ९ | ५,००,०००।- | |
| ४ | फोहरमैला सिकाई केन्द्र र आर.वि.टि.वि. सुधार कार्य | ९ | ५,००,०००।- | |
| ५ | चाम्ले लप्सेटार कालठुडा मोटरबाटो स्तरोन्नती | २ | १५,००,०००।- | |
| ६ | नयाँ पुल पिपलबोट सडक (साझेदारी) | ३ | १०,००,०००।- | |
| ७ | जोरघट्ट पोखरी डाँडा पानी ट्याकी बाटो | २ | १०,००,०००।- | |
| ८ | गोठखोला कैरे भन्ज्यांग मोटरबाटो निर्माण | २ | ३,००,०००।- | |
| ९ | सिमडोल डाडाँगाउँ खानेपानी | १ | ३,००,०००।- | |
| १० | भिन्द्याल माथिल्लो सडक स्तरोन्नती | ८ | १०,००,०००।- | |
| ११ | जैसिकोट मोठ सडक स्तरोन्नती | ८ | १०,००,०००। | |
| १२ | गोरखनाथ फेदी दुधमिल बाटो निर्माण | ६ | ४००,०००।- | |
| १३ | सेतीदेवी कपालकोट पिकनिक स्पोट निर्माण | ७ | १५,००,०००।- | |
| १४ | वडा भित्र रहेको पाटि पौवा, मठ मन्दिर बार्लिस लगाउने कार्य | ७ | ३,००,०००।- | |
| १५ | राम मन्दिर अधुरो निर्माण कार्य | ५ | ३,००,०००।- | |
| १६ | ढलमले बाधाखोर सडक | ५ | १०,००,०००।- | |
| १७ | पनौती जात्रा भैरबमुर्ति निर्माण तथा कार्यालय ब्यवस्थापन | ७ | ३,६०,०००।- | |

इन्द्रप्रसाद अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

**२. बिबिध :**

क) पनौती नगरपालिकालाई बालमैत्री नगरपालिका निर्माण गर्ने सन्दर्भमा विभिन्न क्रियाकलापहरू संचालन गरिदै आएकोमा वडा नं. २ र ३ मा सोसंग सम्बन्धित अधिकांश गतिविधिहरू सम्पन्न भएको देखिएकोले आ.व. ०७५/७६ भित्रै घोषणा गर्ने गरि वडा छनौट गर्ने निर्णय गरियो ।

ख) पनौती नगरपालिका वडा नं. २ र ३ लाई बालमैत्री वडा घोषणा गर्ने सन्दर्भमा नेपाल सरकारबाट जारि गरिएको बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनिति र कार्यान्वयन कार्यविधि २०६८ ले ब्यवस्था गरे बमोजिमका ३९ वटा सुचकहरू पुरा गरि बालमैत्री वडा घोषणा गर्न सक्ने गरि सूचक निर्धारण गर्ने निर्णय गरियो ।

ग) ट्रान्स मिडिया भिजन प्रा.लि. काठमाण्डौंले यस नगरपालिकाको वडा नं. २ स्थित नाँगी गुर्दुम क्षेत्रमा चलचित्र निर्माण, आधुनिक संचार सेवा साथै आकर्षक पर्यटकिय पूर्वाधार विकास (फिल्मसिटी) का लागि जग्गा ब्यवस्थापन परिपाउँ भन्ने निवेदन एवं जीवन विज्ञान प्रतिष्ठान चावहिल गणेशमार्गले यसै नगरपालिकाको वडा नं. १ स्थित चिसापानी

[illegible] प्रसाद चापागाई

क्षेत्रमा जीवन विज्ञान प्रतिष्ठानले जीवन विज्ञानसंग सम्बन्धित विभिन्न गतिविधि संचालनका लागि आवश्यक जग्गा व्यवस्थापन गरि पाउन दिएको निवेदन उल्लेखित निवेदन उपर सम्बन्धित वडाले उक्त क्षेत्रका सरोकारवालाको सहमति सहितको सिफारिश गरि पठाएकोमा ट्रान्स मिडियाका हकमा साविक कुशादेवी गाविस वडा नं. ५, ६ र ८ बाट नापनक्सा भएको कि.नं. ३४२ एवं सो कित्तामा जोडिएको कबुलियति बनका रुपमा रहेको जग्गामा फिल्म सिटि निर्माण र साविक रयाले गाविस वडा नं. २ बाट नापनक्सा भएको कि.नं. ३५० मा रहेको जग्गा जीवन विज्ञान प्रतिष्ठानसंग सम्बन्धित आवश्यक पूर्वाधार निर्माण गर्न उल्लेखित जग्गा उल्लेखित संस्थाहरुलाई निश्चित शर्तको अनिधमा रहि आवश्यक प्रकृया पुरा गरी उपलब्ध गराउन सम्बन्धित निकायमा सिफारिश गर्ने निर्णय गरियो ।

घ) यस नगरपालिका क्षेत्रका निम्न उल्लेखित योजनाहरू आगामी आ.व. ०७६/७७ मा संचालन गर्न आवश्यक DPR वनिनसकेकाले उक्त १७ वटा योजनाको DPR बनाउने निर्णय गरियो ।

निम्न :

१. लिलावती सिंचाई योजना वडा नं. ८ र ४

२. पुछारी-आशापुरी-सागाँ-भक्तपुर सडक

३. नौविसे-ईटे सडक

४. चाम्ले बजार-घिमरेगाउँ-गोठेडाँडा-भैंसेपाटी सडक

५. नयाँपुल-ध्याल्कु-साँगा सडक

६. पनौती बाँसडोल-भैंसेपाटी सडक

७. शहिद पार्क निर्माण

८. पस्थली सिंचाई योजना

९. चौकोट-वि.पि. मार्ग

१०. मल्पी गागल-कलाँती-सिमपानी-पोखरीडाँडा-पार्थली सडक

११. कुशादेवी खानेपानी योजना

१२. पावरहाउस-ख्याकु-बल्थली मोटरबाटो

१३. मल्पी-तिपचोक-बेथानचोक मोटरबाटो

१४. शारदा देविस्थान-बतासे-धुलिखेल मोटरबाटो

१५. कुशादेवी खेलकुद मैदान निर्माण-वडा नं. २

१६. पुल निर्माण (आरुचौर-काफलडाँडा-रानीकोट मोटरबाटो (लिलावती खोला)

१७. शारदादेवीस्थान पर्यटकिय स्थल मार्ग निर्माण-९

पनौती नगरपालिका नगर कार्यपालिकाको कार्यालय

निर्णय प्रतिलिपी कता

इन्द्रप्रसाद अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

ङ) साझेदारी कार्यक्रमबाट निम्न योजना स्वीकृत गर्ने निर्णय गरियो ।

| स.नं. | योजनाको नाम | वडा नं. | जम्मा लागत | नगरपालिकाबाट | उपभोक्ता समितिबाट |
|---|---|---|---|---|---|
| १ | बस्नेत गाउँ बाटो स्तरोन्नती कार्य | ४ | ५,००,०००।- | ३,००,०००।- | २,००,०००।- |
| २ | शिव मन्दिर निर्माण तथा किरिया पाटि निर्माण | ४ | ५,००,०००।- | ३,००,०००।- | २,००,०००।- |

...र प्रसाद चापागाई
...व प्रशासकीय अधिकृत

च) विपद् व्यवस्थापन शिर्षकबाट पनौती २/३ स्थित लिलावती खोला (चाम्लेबजार क्षेत्र) पुल संरक्षण तथा बाँध मर्मतका लागि रू. ३ (तीन) लाख बजेट व्यवस्था गरी उक्त कार्य सम्बन्धित वडा मार्फत उपभोक्ता समिति गठन गरी सो कार्य अघि बढाउने निर्णय गरियो ।

छ) कार्यपालिका सदस्य मदन विश्वकर्मा नगरपालिकाको भ्रमणका सिलसिलमा दुर्घटनामा परि अस्वस्थ्य भई उपचारका क्रममा रहनु भएकोले निजलाई उपचारमा सहयोग पुऱ्याउन रू. १ (एक) लाख उपलब्ध गराउने निर्णय गरियो ।

ज) यस नगरपालिकाको वडा नं. ८ को वडास्तरिय योजना बन्जारा गाउँ उकालो ढलान स्वीकृत भएकोमा उक्त योजना तत्काल संचालन हुन नसक्ने भएकोले सो को सट्टा ठुलो पँधेरोसँगै कृयापाटी निर्माण योजना संशोधन कायम हुन भनि उपभोक्ताको आग्रहमा सम्बन्धित वडाको सिफारिश प्राप्त भएकाले उल्लेखित सिफारिश बमोजिम योजना संशोधन कायम गर्ने निर्णय गरियो ।

झ) नेपाल फोटो पत्रकार महासंघ काभ्रपलाञ्चोकलाई फोटो प्रदर्शनी कार्यक्रमका लागि सहयोग स्वरुप सम्बन्धित खर्च शिर्षकबाट रू. ३०,०००।- (तीस हजार) उपलब्ध गराउने निर्णय गरियो ।

ञ) यस पूर्व मुख्य मन्त्रि ग्रामीण सडकका रूपमा छनौट भएको ग्वार्को लाकुरी भज्याङ्ग, पनौती दाहालटार, चौकीडाँडा, कटुञ्जेवेशीलाई परिवर्तन गरि उक्त योजनाको सट्टा पुछारी आशापुरी-साँगा, भक्तपुर (दुई जिल्ला जोड्ने) सडक छनौट गर्ने निर्णय गरियो ।

निर्णय प्रतिलिपि उतार

२०७८।१०

प्रशासकीय अधिकृत

पनौती नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

२०७८।१०

हरि प्रसाद चापागाई
प्रमुख प्रशासकीय अधिकृत